# समकालीन भारतीय नेपाली कवितामा 'विचलन' लेखनको अवधारणा र यसका प्रायोगिक पक्ष

– **डा ज्ञानेन्द्र सुब्बा**
नेपाली विभाग, गोरुबथान सरकारी महाविद्यालय

**सार** – समकालीन भारतीय नेपाली कविताका क्षेत्रमा एकाधिक साहित्यिक अवधारणा तथा लेखन समानान्तर रूपमा अघि बढिरहेका छन्। यस्ता लेखनहरूमध्ये 'विचलन' लेखन पनि एउटा हो। मुख्यतः कविताको अभिव्यक्ति कौशललाई प्राथमिकता दिने विचलनवादी कविहरू परम्परित कविताको मूर्तिभञ्जनमा अधिक केन्द्रित रहेका छन्। उनीहरू परम्परित कवितामा रहने भाव र शैलीको सरल रैखिक, एककेन्द्रिक संरचनाबाट मुक्त हुँदै काव्यबोधका अभिनव औजारका माध्यमले कविताको अपरम्परित रूपरचनामा प्रयोगशील देखिएका छन्। अतः यस शोध पत्रमा समकालीन भारतीय नेपाली कविताका क्षेत्रमा विचलन लेखनलाई एउटा अध्ययनीय पाटो मान्दै यस लेखनले पाठकअघि राखेको अवधारणा र त्यसका प्रायोगिक पक्षबारे विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ।

**बीज शब्द** – समकालीन, कविता, विचलन, उत्तराधुनिक प्रयोग।

## १ प्रवेश

साहित्यका सन्दर्भमा 'समकालीन' शब्दलाई कुनै पनि गतिशील साहित्यले प्राप्त गर्दै आइरहेको नौलो तथा वर्तमान स्वरूप भनी अर्थ्याइएको छ (राई, इ सं २००१, पृ-१)। समकालीनताको यही अर्थका आधारमा आजभन्दा लगभग एक दशकभन्दा पहिले अप्रिल, इ सं २००७ मा तत्कालीन दार्जिलिङ जिल्ला अन्तर्गत कालेबुङबाट 'विचलन' नामकरण गरेर आरम्भ गरिएको साहित्यिक लेखनलाई समकालीन भारतीय नेपाली साहित्यका इतिहासमा एउटा उल्लेखनीय पाटो मान्न सकिन्छ। यसको प्रारम्भ कालदेखि जुन २०१० सम्मका जम्मा आठवटा अङ्कहरूको अध्ययन गर्दा यस लेखनले मुख्यतः कविताका क्षेत्रमा बढी प्रयोग र विमर्श गरेको थाहा लाग्दछ।

## २ विचलन – पृष्ठभूमि र परिचय

नेपाली साहित्यले तेस्रो आयामिक लेखनको प्रभावपछि इ सं १९९३ सम्म आइपुग्दा लेखक, पाठक र साहित्यालोचकमाझको सम्प्रेषण क्षमता गुमाएको भनी त्यस स्थितिलाई समालोचकहरूले साहित्यिक सम्प्रेषणहीनताको संज्ञा दिएका छन् (नेपाल, इ सं १९९३, पृ-२)। साहित्यको यही सम्प्रेषणहीनता तथा जटिल स्थितिप्रति समालोचनात्मक दृष्टि राख्दै कविताको सहज परिचय पुनः स्थापित गराउने हेतुले बनारस हिन्दु विश्वविद्यालयको भारतीय भाषा विभाग अन्तर्गत नेपाली विभागका तत्कालीन विद्यार्थीहरूले 'सङ्क्रमण' नामकरण गरेर नौलो साहित्यक अवधारणाको घोषणा गरे (बान्तावा अनि अन्य, इ सं १९९३, पृ-१)। कविता संरचनाले नितान्त अर्को थोक भन्न सक्दैन भनी कवितालाई अभिव्यक्तिगत सहजता प्रदान गर्दै त्यसका रूपलाई ध्वन्यात्मक तुल्याउने ध्येयले थालिएको सङ्क्रमण लेखन आरम्भ भएको चौध वर्षपछि जुन २००७-मा आफ्नो मुखपत्र **विचलन**को प्रकाशनसँगै अभ्यस्त र परिचित शैलीहरूको साहित्य लेखनबाट बेग्लै दृष्टि, शब्द छनौट, वैचारिक धरातल, समसामयिकता र अभीष्ट लिएर गम्भीर उत्तरदायित्वबाट पलायन नबनी साहित्यमा प्रविष्टि लिएका हौँ (छेत्री, इ सं २००७, पृ-१) भनी घोषणा गरेर देखापरेका समकालीन भारतीय नेपाली कविहरूले आरम्भ गरेको नवलेखन नै विचलनका नामले परिचित छ। **विचनल**को दोस्रो अङ्कमा अझ स्पष्ट गरी 'हामी प्रमुखतः शिल्पका कारिगर हौँ' कवितामा (छेत्री, इ सं २००७, पृ-१) भनी यो लेखन शिल्पशैलीगत प्रयोगमा बढी केन्द्रित रहने लेखन भनी सङ्केत दिइएको छ।

'विचलन' नेपाली भाषामा प्रचलित तत्सम शब्द हो। यसले एक ठाउँमा स्थिर नभएको स्थिति, कम्पन, चलमल, अस्थिरता; निश्चित ठाउँबाट डगमगाएको वा हटेको; प्रचलित वा स्थापित स्थितिबाट यताउति भएको अवस्था; क्रमभङ्ग जस्ता शब्दकोशीय अर्थ बुझाउँदछ (अधिकारी र भट्टराई, वि सं २०७४)। यस प्रकार नेपाली शब्दभण्डारमा रहेको 'विचलन' शब्दलाई एउटा विशेष साहित्यिक

अवधारणा मुखरित गर्नाका निम्ति पारिभाषिक अर्थ दिएर प्रचलनमा ल्याइएको छ जसले मुख्यतः चलन–चल्ती वा परम्परित शिल्प–शैलीभन्दा भिन्न अपरम्परित भङ्गिमायुक्त लेखन वा प्रयोग भन्ने बुझाउँदछ। विचलन लेखनको प्रथम प्रस्तावकका रूपमा सुधीर छेत्री, उज्ज्वल बमजन, मनोज बोगटी, उमेश उपमा, सूरज रोसूरि र राजेन्द्र ढकाल रहेका छन् भने आजसम्म छापिएको यसको अन्तिम अङ्कको सम्पादक मण्डलीमा जय क्याक्टस पनि जोडिएका छन्। यसरी विचलन लेखनलाई समकालीन भारतीय कविहरूका समूहद्वारा प्रस्तावित र सञ्चालित लेखन भन्न सकिन्छ।

### ३ विचलन लेखनको अवधारणा

अप्रिल, २००७ देखि जुन, २०१०–सम्म जम्मा आठवटा अङ्कमा प्रकाशित **विचलन** पत्रिकामा प्रकाशित यस लेखनका अभियन्ता सुधीर छेत्री, जय क्याक्टस र अन्यद्वारा लिखित 'विचलन अभीष्ट' शीर्षकमा रहेका लेखहरू नै यस लेखनको अवधारणा बोक्ने मुख्य लेखहरू हुन्। यीबाहेक यी अङ्कमा प्रकाशित विभिन्न समालोचकहरूद्वारा लिखित 'ईक्षण' शीर्षकमा रहेका समालोचनात्मक लेखहरू तथा मुख्यतः विचलनवादी कविहरूद्वारा लिखित कविताहरूले विचलन लेखनको अवधारणा बुझ्न थप सहयोग गर्दछन्। यी सम्पूर्ण पाठहरूका आधारमा विचलन लेखनका अवधारणालाई बुँदागत रूपमा बुझ्न सकिन्छ–

- परिचित र परम्परित शैलीबाट हटेर नूतन शिल्प–शैली र वैचारिक धरातलमा गम्भीर र उत्तरदायित्वपूर्ण लेखनप्रति सजग रहने लेखन।
- सरल र श्लीष्ट अभिव्यक्तिले पाठकलाई आकर्षित गरी कवितालाई सम्प्रेषणीय बनाइने लेखन।
- वैश्विक चेतना र स्थानीय रङ्गसहितको समसामयिक अभिव्यक्ति दिइने लेखन।
- समकालीन जीवनलाई विचलनपूर्ण रहेको बोध गर्दै त्यही अनुरूपको लेखनमा पनि विचलन शैलीको प्रयोग गरिने, समकालीन समय र जीवनलाई अभिव्यक्ति दिइने लेखन।
- सिद्धान्तदेखि लेखनतिर नभएर लेखनदेखि सिद्धान्ततिर उन्मुख हुने लेखन।
- परम्परित साहित्यको एकस्वरात्मक मनोवृत्ति, अर्थगत निश्चिति, स्थिरत्व र जडत्ववादको त्याग गर्दै मुक्त, फुक्का, संयोगपूर्ण, आरम्भ र अन्त्यहीन, अस्थायी, विभाजित, विशृङ्खलित, वर्णसङ्कर र मूल्यहीनताको पद्धति अँगाल्ने लेखन।
- कवितालाई सचेततापूर्ण रूपले रचित कला मान्ने लेखन।
- साहित्य विधाको शुद्ध रूपभन्दा विधा भञ्जनप्रति रुचि राख्ने लेखन।

विचलन लेखनका अभियन्ताहरूले प्रस्तुत गरेका अवधारणाको सैद्धान्तिक आधार मुख्यतः उत्तराधुनिकतावाद रहेको प्रस्ट हुँदछ। यस आधारमा उनीहरू उत्तराधुनिक नेपाली कविता सिर्जनाका

मार्गमा उन्मुख प्रयोगशील कविताकर्मी ठहरिएका छन्। उनीहरूद्वारा रचित मुख्यतः विचलन पत्रिकाभित्रका कविताहरूले पनि यस कुरालाई पुष्टि गर्दछ।

### ४ विचलन लेखनका प्रायोगिक पक्ष

साहित्यिक अवधारणाको मूर्त रूप नै त्यसको प्रायोगिक पक्षमा देखा पर्दछ। विचलनवादीहरूले पनि यस कुरामा विश्वास व्यक्त गरेका छन्। त्यसैले यस लेखनलाई 'सिर्जनाबाट सिद्धान्ततिरको हिँडाइ' भनिएको छ (छेत्री र बमजन, पूर्ववत्, पृ-१)। समकालीन नेपाली कविताका क्षेत्रमा विचलनवादी कविहरूले कवितामा गरेका प्रयोगलाई निम्न लिखित प्रकारले अङ्कन गर्न सकिन्छ–

### ४.१ विधा मिश्रण

कविताको परम्परित शुद्ध संरचनाको भञ्जन गरेर विधा मिश्रणको प्रयोग विचलनवादी कविहरूले गरेका प्रयोगमध्ये एउटा हो। उनीहरूका एउटै कविताभित्र भित्तामा टाँसिने सूचना, दैनिक पत्रिकामा छापिने समाचार, कथाको एक अंशजस्ता वाक्यहरूको प्रयोग गरिएका छन्। सुधीर छेत्रीको 'त्रासदी त्रासदी त्रासदी' (छेत्री र बमजन, इ सं २००८, पृ-२) कविताको एउटा अंश यस प्रकार रहेको छ–

आज भर्जिनियाको समाचार– सारांश छ:
अमेरिकाको एक युनिभर्सिटीमा दक्षिण–कोरियाली विक्षिप्त छात्रद्वारा
फायर गरिँदा तीस मृतकहरूमध्ये भारतीय मूलका शिक्षक र छात्राको
मृत्यु।
...
यो सहस्राब्दीले
मुखमा
बन्दुकको सिग्रेट झोसेर
मृत्युको धुँवा फुकिरहेछ।

यस कवितामा प्रयोग गरिएका प्रारम्भका दोस्रो र तेस्रो लहर समाचारमा प्रयुक्त वाक्य जस्ता छन्। यद्यपि यी लहरहरूले यस कवितालाई उत्सुकतापूर्ण र प्रभावकारी बनाएका छन्। यसले कविताको परम्परित ढाँचा भञ्जन गरेर कविताको अनिर्धार्य प्रकृतिको परिचय दिएको छ। यसरी समकालीन नेपाली कविताको वर्णसङ्करी प्रवृत्तिको सचेष्ट प्रयोग विचलनवादी कविहरूले गरेका छन्। जय क्याक्टसको

'अब सुन्नुहोस् मुख्य (समाचार)' कविता (छेत्री र अन्य, इ सं २०१०, पृ–२३) यस्ता कविताको अर्को नमुना मान्न सकिन्छ।

### ४.२ आत्मपरावर्ती शैलीको प्रयोग

आत्मपरावर्ती (सेल्फ–रिफ्लेक्सिव) शैली साहित्य सिर्जनाको एउटा यस्तो पद्धति हो जसमा पाठले आफैलाई विषयवस्तु बनाएर सचेत रूपमा आफैलाई सन्दर्भमा लिइरहन्छ (कुडन, इ सं २०१३, पृ–६४३)। कवितामा कविले आफूलाई औ पाठकलाई समेत यो एउटा पाठ मात्र हो भन्ने अनुभूति पाठभरि दिइरहन्छ। यस्तो पद्धतिको प्रयोग गरेर कविले पाठकलाई कविता आस्वादनको नवीन बाटो खोलिदिँदछ। यस्ता पद्धतिको सचेत प्रयोग विचलनवादी कविहरूमध्ये सुधीर छेत्रीका कविताहरूमा स्पष्ट रूपमा पाउन सकिन्छ। उनको 'पुरानो कवि' (छेत्री, इ सं २००८, पृ– ५१) कवितालाई यस पद्धतिमा लेखिएको कविता मान्न सकिन्छ। उल्लिखित कविताका केही अंश यस प्रकार छ –

यस्ता सुन्दर कविता
सबैले लेख्न सक्दैनन्।
कल्पनाको अन्तरिक्षबाट आएका
झलमल्ल प्रभावान् कवि,
पुरुष कवि/गोरो कवि/धनी कवि/
.....
सुललित/सुमधुर/अकाट्य/ज्ञानपूर्ण
कविता लेख्छन्।
यो जिउँदो अतिविशिष्ट
सम्माननीय कविलाई तिमी छुन पाउँदैनौ।
मात्र कविता सुन्नु। कति मिठो। ताली मार्नु।
त्यति।

यस कवितामा कविता आफैले कविताको उपादेयता, समाजमा कविको भूमिका र त्यसले निर्माण गरेको कविको छविबारे आलोचना गरेको छ। कविताको यस्तो आत्मसचेत प्रवृत्ति समकालीन नेपाली कविताको एउटा उल्लेखनीय विशेषता हो जुन विचलनवादी कविहरूले पनि प्रयोग गरेका छन्।

### ४.३ अन्तर्पाठात्मकता

अन्तर्पाठात्मकताको प्रयोग विचलनवादी कविहरूका कवितामा पाइने सचेत प्रयोग हो। कुनै एउटा पाठको अर्थ त्यस्ता अरू पूर्ववर्ती पाठहरूसँग त्यसको सम्बन्धका आधारमा खोलिन्छ; एउटा पाठको अर्थ र तात्पर्य अरू पाठहरूसित त्यसको सन्दर्भात्मक सम्बन्धद्वारा खोलिने स्थितिलाई अन्तर्पाठात्मकता भनिएको छ (नेपाल, इ सं २०१४, पृ–२)। सुधीर छेत्रीका 'मोहमद गल्ली र मार्क्स'( छेत्री, इ सं २०१४, पृ–५०), 'बोज्यू फर्किन' ( छेत्री, इ सं २०१४, पृ–२५) र 'माइलालाई रमिता छ'( छेत्री, इ सं २०१४, पृ–२९) आदि कविता र जय क्याक्टसको 'माछाको मोल' (छेत्री र बम्जन, जनवरी, इ सं २००८, पृ–४) यस्ता कविताका उदाहरण हुन्। कवि सुधीर छेत्रीको 'माइलालाई रमिता छ' कविताका केही अंश उदाहरण स्वरूप लिन सकिन्छ–

अहिलेदेखि होइन झन्डा बोकेको माइलाले।
माइलालाई रमिता छ।....
इन्द्रशेखर पनि उही हो,
रने पनि उही हो,
जनक पनि उही हो,
म्याउची, जयमाया, बाटुली सबै उही हो,
उभित्र काँचो कलिलो लचिलो माटो छ
जसलाई प्रत्येकपल्टको दा भिन्चीले नयाँ विचार दिन्छ।
उसको भोकको टाटेपाङ्ग्रे नक्सा बनाउँछ। ...

यस कवितामा कविले **भ्रमर, आज रमिता छ, मुलुक बाहिर**जस्ता नेपाली उपन्यासहरूबाट इन्द्रशेखर, जनक र म्याउची तथा इन्द्रबहादुर राईद्वारा लिखित 'जयमाया आफुमात्र लेखापानी आइपुगी' कथाकी पात्रा जयमायालाई आफ्नो कविता पात्रका रूपमा प्रयोग गरेर नयाँ पाठ निर्माण गरेका छन्। यस कवितामा कविद्वारा सिर्जित माइलाको जुन भोगाइ छ त्यो यस कविताभन्दा अघिका माथि उल्लेख गरिएका पाठहरूमा रहेका ती पात्रहरूले निरन्तर भोग्दै आएको साझा अवस्था हो जसमाथि कविले व्यङ्ग्य कसेका छन्। यसरी लेखकहरूले आफ्नो पाठलाई अझ तीव्र संवेदनशील र प्रभावकारी बनाउन अन्य पूर्वपाठ र त्यसका सन्दर्भबाट विषयवस्तु टिपेका हुन्छन् जसलाई अन्तर्पाठात्मक सिद्धान्तका आधारमा अध्ययन गर्नु पर्ने हुन्छ। विचलनवादी कविहरूले यस्तो अन्तर्पाठात्मकतालाई आफ्ना कविताहरूमा सचेत रूपले प्रयोग गरेका छन्।

### ४.४ लघु आख्यानको लेखन

साहित्यमा उत्तरसंरचनावाद तथा उत्तरउपनिवेशवादसँगै मौलाएको लघु आख्यान लेखनको प्रयोग विचनवादीहरूले पनि सचेत रूपमा गरेका छन्। परम्परित ठुला सङ्कथनमा अनुच्चरित यस्ता लघु आख्यानहरूलाई समकालीन साहित्यिक विमर्शमा ठुलो ठाउँ दिइएको छ। विचलनवादी कविहरूमध्ये उज्ज्वल बमजनको लेखन यसतर्फ प्रयोगशील छ। उनका 'गेबु आछयोक वध' ( छेत्री र बमजन, मार्च, इ सं २००८, पृ–८), 'राँके भूत र नक्सली' (छेत्री र अन्य, जुन, इ सं २०१०, पृ–२७) यस्ता कविताका नमुना हुन्। बमजनको 'गेबु आछयोक वध'–बाट एउटा उदाहरण–

.....प्रस्तरपलदेखि निरन्तर प्रसारित
साइबरसम्मको यो घडी
भूमण्डलीकरणका भौप्वालहरूबीच
पुनरुत्थानको पङ्ख  फिँजाइरहेछ
गेबु आछयोक
र स्वत्वको दामसाङगढी

यस कवितामा कवि उज्ज्वल बमजनले लेप्चा राजा गेबु आछयोकसँग सम्बन्धित इतिहासलाई कविताको विषय बनाएका छन्। गेबो आछयोक लेप्चा जातिका राजा थिए जसले वर्तमान कालेबुङको दामसाङ गढीमा आफ्नो दरवार निर्माण गरेका थिए भन्ने इतिहास तथा लोककथा पाइन्छ। यस्ता साना तर मौलिक ऐतिहासिक तथ्यहरू अन्य ठुला र महत् मानिएका इतिहासका गर्भमा नै हराउने गरेका छन्। कुनै पनि ठाउँको इतिहास, परम्परा र संस्कृति बुझ्न यस्ता साना आख्यानहरूको अध्ययन आवश्यक रहेको कुरो लघु आख्यानका अध्येताहरू मान्दछन्। विचलनवादी कविहरूले यस्ता लघु आख्यानहरूको सोद्देश्य प्रयोग गरेर त्यसतर्फ पाठकको ध्यान आकर्षण गराउने कार्य गरेका छन्। विचलनवादी कविहरूमध्ये उज्ज्वल बमजनको योगदान यसतर्फ उल्लेखनीय रहेको छ।

### ४.५ पर्याकविता लेखन

समकालीन साहित्य विमर्शमा पर्यावरण विमर्श एउटा उल्लेखनीय पाटो रहेको छ। इ सं १९६०–७०–का दशकदेखि प्राज्ञिक बहसका रूपमा प्रारम्भ भएको (कुडन, इ सं २०१३, पृ–१७७) साहित्य र पर्यावरणसँग सम्बन्धको विमर्शले पछिल्ला कालमा साहित्यिक आलोचनाका क्षेत्रमा उल्लेखनीय ठाउँ ओगटेको छ। साहित्यको सांस्कृतिक तथा सन्दर्भवादी अध्ययनको एउटा उल्लेखनीय उदाहरणका रूपमा

विकसित यो सिद्धान्त समकालीन नेपाली कविताका सन्दर्भमा पनि उल्लेखनीय र सान्दर्भिक विषय रहेको छ। साहित्यिक सिद्धान्तका रूपमा विकसित पर्यालोचना (इकोक्रिटिसिज्म)–ले साहित्य र पर्यावरणमाझको सम्बन्धबारे अध्ययन गर्दछ। यसले साहित्यिक पाठमा पर्यावरणको अङ्कन कसरी गरिएको छ भन्ने विषयमाथि प्रकाश पार्दछ (नायर, इ सं २०२२, पृ–२४२)। विचलनवादी कविहरू यस्तो लेखनमा सचेत प्रयोगकर्ता देखा परेका छन्। सुधीर छेत्रीको 'एउटा ब्ल्याकहोल ट्र्याजेडी' (छेत्री र अन्य, इ सं २०१०, पृ–२३), 'मध्यरात मेलोडी र पर्यावरण गीत' (छेत्री र बमजन, इ सं २००८, पृ–११) र उज्ज्वल बमजनको 'क्षयबोध' (सुधीर र बमजन, जनवरी, इ सं २००८, पृ–७) यस्ता कविताका नमुना हुन्। सुधीर छेत्रीको 'मध्यरात मेलोडी र पर्यावरण गीत'–बाट एउटा उदाहरण–

ओजनको हजार आँख्ले डोको बोकेर
मेरी धरा–रानी
कसिङ्गरबाट
मिथेनको धुँवा फ्याँक्छ।
चोली च्यातिएको जवान त्यसको उरोजलाई
गिजोलिबस्छ
हजार अदृश्य हातहरू

समकालीन नेपाली साहित्यका सन्दर्भमा पछिल्ला कालमा उल्लेखनीय मात्रामा बहस हुन थालेको पर्याकविता लेखनतर्फ विचलनवादी कविहरूले आजभन्दा लगभग डेढ दशकअघि नै कलम चलाउन थालेका थिए। यस लेखनतर्फ विचनलनवादी कविहरूका कविताभन्दा अघि प्रकाशित मनप्रसाद सुब्बा (सुब्बा, इ सं २००१) र अविनाश श्रेष्ठ (श्रेष्ठ, इ सं २००३)–का कविता सङ्ग्रह उल्लेखनीय छन्। यहाँ अर्को उल्लेखनीय विषय के रहेको छ भने नेपाली पर्याकविता प्रकाशन कालका दृष्टिले श्रेष्ठका केही कविताहरू (त्रिपाठी, इ सं २०२४, पृ–१४०) अघि रहेका छन्। यी कविहरूकै हाराहारीमा विचलनवादी कविहरूले पनि पर्याकविता लेखनतर्फ कलम चलाएका तथ्य प्राप्त छन्।

### ४.५ समकालीन प्रविधिसँग सम्बन्धित विषयको लेखन

समकालीन समय र जीवनसँग जोडिएको साइबर तथा प्राविधिक विषय र शब्दहरूले समकालीन नेपाली कवितामा उल्लेखनीय मात्रामा प्रवेश पाएका छन्। विचलनवादी कविहरू यस्ता शब्दहरूको प्रयोग गरेर कवितालाई नवीन स्वरूप दिन सचेष्ट छन्। कवि सुधीर छेत्री तथा उज्ज्वल बमजनका कविताहरूमा

यस प्रकारका शब्दहरूको प्रयोग मनग्गै पाइन्छ। अगस्त २००८ **विचलन,** अङ्क ६ मा छापिएको प्रवीण राई जुमेलीको 'समय संस्कार' (जुमेली, इ सं २००८, पृ-१७) कवितालाई विचलन लेखनका प्रस्तावकहरू बाहेकका कविले **विचलन** पत्रिकामा प्रकाशित गरेको एउटा उल्लेखनीय कविता मान्न सकिन्छ। यस कविताका केही अंश उदाहरणका रूपमा दिन सकिन्छ–

केही एमपीथ्रीहरूले मेमोरी कार्ड भरिएको छ केही ग्यालेरीहरूले पनि
समय पनि तिनीहरूसितै त डाउनलोड भएको छ
सेटिङ्ग्स उडाइदिएर कन्ट्याक्ट्सहरू पनि मेटाइदिएर
एकक्षण पर उभ्याई हेर्छ आफ्नै मोबाइल फोनको पाठलाई
वर्म्स र भाइरसको सङ्क्रमणमा
जर्जर कति भइसकेछ त्यो पनि...

**४.६ वैश्विक र स्थानिकताको मिश्रण प्रयोग**

विचलनवादी कविहरूले समकालीन जीवन वैश्विक र स्थानिकताको मिश्रित रूप हो भन्ने चेतनाका साथ कविता पनि सोहीअनुरूप सिर्जना गर्ने प्रयत्न गरेका छन्। यस्ता एकाधिक कविताहरूमध्ये जय क्याक्टसको 'अनुभूतिको सुपरमार्केटभित्र' (क्याक्टस,इ सं २००८, पृ-९), उज्ज्वल बमजनको बोक्सी स्ट्रिप्टिज्'(छेत्री र बमजन, इ सं २००८, पृ-११) यस्ता विषय प्रयोग गरेर लेखिएका कविताहरू हुन्। 'बोक्सी स्ट्रिप्टिज्' कविताबाट एउटा उदाहरण–

....
झाँक्रीहरू
सम्झिरहेछन् डेरिडा
र कोब्रा शब्दहरू....
सँधै झैं बिहान हुन्छ
एउटा साविक घटना
एक्युप्रेसरका पञ्जीकृत दलाल बनेर
भुँइमा लम्पसार महादेवका फिलाहरूमा
कुनै कामुक बोक्सी दाँतहरू
नीला–नीला दागका स्पष्ट चित्रहरू

खिचिरहेछन् स्याटलाइट माध्यमले
एलियन्सहरूले
अन्तरिक्षको नेपथ्यबाट...

समकालीन नेपाली कविता स्थानीय तथा वैश्विकको द्वीचर सङ्कथनदेखि अघि बढेर यी दुवैको वर्णसङ्करलाई प्रस्तुत गर्नतर्फ उन्मुख छ। भूमण्डलीकरणका कारण स्थानीय जीवन अप्रभावित रहन सकेको छैन तथा स्थानीय सङ्कथनहरू पनि विश्वस्तरमा निरन्तर फैलिरहेका छन् भन्ने तथ्यको उदाहरण यस कविताले पनि दिँदछ।

**५ निष्कर्ष**

समकालीन नेपाली कविताका क्षेत्रमा विचलन लेखन एउटा उल्लेखनीय अध्ययनको पाटो रहेको छ। नेपाली कविताका क्षेत्रमा तेस्रो आयामपछि विशेष कविताको शिल्प शैली र प्रयोगलाई लिएर गरिएका साहित्यिक आन्दोलनहरूमध्ये विचलन अझसम्मको दोस्रो उल्लेखनीय लेखन मान्न सकिन्छ भन्दा कुनै अत्युक्ति नहोला। कविताको परम्परित रूपरचनाका ठाउँमा वर्णसङ्करीय, मिश्रित, अन्तर्पाठात्मक संरचना जस्ता विनिर्माणवादी कविता निर्माण गर्नु, नवीनता दिनु, आत्मपरावर्ती शैलीको प्रयोग गर्नु, लघुआख्यानलाई कवितामा प्रयोग गर्नु, पर्यावरण चेतलाई कवितामा लेख्नु, वैश्विक तथा स्थानिक विषयको एकै ठाउँ प्रयोग तथा समकालीन जीवनलाई प्रभाव पार्दै आइरहेको वैज्ञानिक प्रविधि र साइबर जीवनलाई अभिव्यक्ति दिनुजस्ता प्रयोगमूलक कार्य विचलनवादीहरूले गरेका छन्। यस लेखनले नेपाली कविताको परम्परित भङ्गिमालाई भञ्जन गर्दै नौलो स्वरूप दिने प्रयास गरेको छ। मुख्यतः नेपाली कवितामा उत्तराधुनिक शिल्पशैली, विषयवस्तु र चिन्तनको प्रयोग उनीहरूले दिएका उल्लेखनीय योगदान मान्न सकिन्छ।

**सन्दर्भ**

१. अधिकारी हेमाङ्गराज र बद्री विशाल भट्टराई (सम्पा), वि सं २०७४, **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौँ, विद्यार्थी प्रकाशन प्रा लि।
२. कुडुन जे ए (सम्पा), इ सं २०१३, **डिक्सनरी अव् लिटरेरी टर्म्स् एन्ड लिटरेरी थिअरी**, पेनगुइङ ग्रुप लिमिटेड।
३. छेत्री सुधीर र उज्ज्वल बमजन (सम्पा), जनवरी, इ सं २००८, **विचलन**, कालेबुङ, विचलन प्रकाशन।

४. छेत्री सुधीर र उज्ज्वल बमजन (सम्पा), मार्च, इ सं २००८, **विचलन**, कालेबुङ, विचलन प्रकाशन।

५. छेत्री सुधीर र उज्ज्वल बमजन (सम्पा), अप्रिल, इ सं २००७, **विचलन**, वर्ष १, अङ्क १ कालेबुङ, विचलन प्रकाशन।

६. छेत्री सुधीर र उज्ज्वल बमजन (सम्पा) अगस्ट, इ सं २००८, **विचलन**, वर्ष २, अङ्क ६ कालेबुङ, विचलन प्रकाशन।

७. छेत्री सुधीर, इ सं २००८, **शिल्पका पखेटाहरू**, कालेबुङ, विचलन प्रकाशन।

८. छेत्री सुधीर र अन्य (सम्पा), जुन इ सं २०१०, **विचलन**, वर्ष ४, अङ्क ८, कालेबुङ, भारतीय भाषा केन्द्र मैसुर।

९. छेत्री सुधीर, डिसम्बर, इ सं २०१४, **फेरि अर्को अनुष्टुप**, कालेबुङ, उपमा प्रकाशन।

१०. नायर प्रमोद के, इ सं २०२२, **कनटेम्परेरी लिटरेरी एन्ड कल्चरल थिअरी**, दिल्ली, पियरसोन इन्डिया एडुकेसन सर्भिसेस प्राइभेट लिमिटेड।

११. नेपाल घनश्याम, इ सं २०१४, **विधा विविधा**, कालेबुङ, उपमा प्रकाशन।

१२. बमजन उज्ज्वल, जनवरी इ सं २००८, 'बोक्सी स्ट्रिप्टिज्', सुधीर छेत्री र उज्ज्वल बमजन (सम्पा), **विचलन**, वर्ष १, अङ्क ४, कालेबुङ, विचलन प्रकाशन।

१३. राई, इन्द्रबहादुर, इ सं २००१, 'साहित्यिक समकालीनता : शब्दार्थिक र पारिभाषिक', मोहन पी दाहाल र नरेशचन्द्र खाती (सम्पा), **नेपाली जर्नल**, वर्ष १, अङ्क १, दार्जिलिङ।

१४. बान्तावा सञ्जय र अन्य (सम्पा), फरवरी-मार्च इ सं १९९३, 'सङ्क्रमण कविता-१', **सङ्क्रमण**, अङ्क १, वर्ष १, वाराणसी-५, काशी हिन्दु विश्वविद्यालय, वाराणसी, सङ्क्रमण प्रकाशन।

१५. श्रेष्ठ अविनाश, इ सं २०२४, **करोडौं सूर्यहरूको अन्धकार**, दोस्रो संस्करण, काठमाडौं, माया पब्लिकेसन प्रा लि।

१६. सुब्बा मनप्रसाद, इ सं २००१, **ऋतु क्यान्भासका रेखाहरू**, दार्जिलिङ, श्याम ब्रदर्स प्रकाशन।


•